महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

(प्रादेशिक लेखापरीक्षण प्रदेश नं.१ र २ महानिर्देशनालय)

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

डोरमुकाम, ताप्लेजुङ्ग
अ.छा.बे.

पत्र संख्या : २०७६/७७
च.नं. ४२

मिति : २०७६/०६/०७

विषय : **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
मैवाखोला गाउँकार्यपालिकाको कार्यालय,
ताप्लेजुङ्ग ।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७५/०७६ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७६/०६/०४ मा छलफल पश्चात् तयार गरिएको पाना १६ (सोह्र) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदादयित्व जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

2076/6/6

(जयराम घिमिरे)
निर्देशक

बोधार्थ तथा कार्यार्थः

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौंः- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
ताप्लेजुङ्गः- प्रतिवेदन संलग्न छ ।

email : oagnep@ntc.net.np, info@oag.gov.np
Web Page: www.oagnep.gov.np

“जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था”

लेखापरीक्षण प्रतिवेदन

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अर्न्तगत ६ वडा ३५ जना गाउँसभा सदस्य

आर्थिक वर्ष २०७५/७६	नम	कार्यरत अवधि		बेरुजू रकम
		देखि	सम्म	
कार्यालय प्रमुख	प्रविण हाङ योङहाङ	२०७५/०४/०१	२०७५/५/३	२१२०३५०४.५२
	प्र.प्र.अ. श्री गणेश अधिकारी	२०७५/०५/०४	२०७६/०३/३२	
लेखा प्रमुख	ले.पा श्री बिनोद कुमार मण्डल	२०७५/०४/०१	२०७६/०३/३२	

१३८ वर्ग किलोमिटर क्षेत्रफल तथा ११ हजार ३७ जनसंख्या रहेको छ ।

स्थानीय संचित कोष : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाब सहितको आर्थिक वर्ष २०७५/७६ को संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

सि.नं.	आयतर्फ			सि.नं.	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		१७२५९७६९।५८	१	पुजिगत खर्च		१४३५८३६९८।००
	संचित कोष	१६२६२९८९।५८			बितीयसमाणीकरण	८२००००००।००	
	प्रकोप ब्यवस्थापन कोष	५६००००।००			राजश्व वाडफाड	२०६६७३२२।००	
	कर्मचारी कल्याण कोष	२३५००।००			शसर्त अनुदान	१५३४८०१७।००	
	मर्मत सम्भारकोष	२३००००।००			प्रदेश सरकार बितीयसमाणीकरण	३३१४०००।००	
	धरौटी	१८३२८०।००			प्रदेश सरकार शसर्त अनुदान	१४७२४३५९।००	
२	आन्तरिक आम्दानी		२८२२४७१।००		प्रदेश सरकार नि.क्षेत्र बिकास का.	४००००००।००	
	मालपोत	०।००			संघिय सरकार नि.क्षेत्र बिकास का.	३५०००००।००	
	दस्तुर	२१५५५२१।००			ममर्त सम्भार कोष	३००००।००	
	बहाल कर	०।००		२	चालु खर्च		१२५३२०२५७।४०
	व्यवसाय कर	०।००			राजश्व वाडफाड	२६३९९९११।८०	
	बेरुजु दाखिला	६६६९५०।००			एल.जि.सि डि.पी	३०५०००।००	
३	वाह्य श्रोत		२६४७५११२७।३३		समाजिक सुरक्षा	१५२२७२००।००	
	बितिय समानिकरण	८२००००००।००			प्रभानमन्त्रि स्वरोजगार	२४१४६४६।००	
	शशर्त अनुदान	९८९८००००।००			सचित बदा	३५८९६३।२०	
	संघिय साम्सद बिकास	३५००००००।००			ओषधि उपचार	५७०३२६।४०	
	एल जि सिडिपी	३०५०००।००			शसर्त अनुदान	७९९४४२१०।००	
	प्रदेश सरकार सशर्त अनुदान	१५००००००।००			प्रकोप ब्यवस्थापन	१०००००।००	
	प्रदेश सरकार बितियसमानिकरण	३३१४०००।००		३	पेश्की खर्च		०।००
	प्रदेश सरकार राजश्व वाडफाड	१०१८२०१।०३			चालु	०।००	
	प्रदेश सरकार साम्सद बिकास	४००००००।००			पुँजिगत	०।००	
	मालपोत कार्यालय ताप्लेजुङ	२३३८४०।९०		४	धरौटी		५०५०००।००
	सामाजिक सुरक्षा कार्यक्रम	१५२२७२००।००			धरौटी फिर्ता	५०५०००।००	
	जिल्ला समन्वय समिति	३५०००००।००			धरौटी सदरस्याहा	०।००	
	संघिय राजश्व वाडफाड	३४३२८९४९।८०		५	मौज्दात		२००२६२४९।६३
	प्रभानमन्त्रि स्वरोजगार	२४१४६४६।००			संचित कोष	१५७४५६९४।६३	
	सचित बदा	३५८९६३।२०			मर्मत संभार कोष खाता	१००००००।००	
	ओषधि उपचार	५७०३२६।४०			धरौटी	७९७०५५।००	
४	विशेष कोषहरु		२००००००।००		प्रकोप व्यवस्थापन	४६००००।००	
	कर्मचारी कल्याण कोष	२००००००।००			कर्मचारी कल्यान कोष	२०२३५००।००	
५	धरौटी आम्दानी	१११८७७५।००	१११८७७५।००		नगद मौज्दात	०।००	
	मर्मत संभार कोष खाता		८०००००।००				
	अन्य आय		६८३०६२।१२				
	जम्मा		२८९४३५२०५।०३		जम्मा		२८९४३५२०५।०३

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th><th>फछ्र्यौटको विवरण</th></tr>
<tr><td>१.</td><td>बजेट पेश तथा पारित : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई अषाढ १० गते भित्र पेश गरी १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै नगरसभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । जस अनुसार उप-प्रमुख श्री कौशिला थक्लुङ्ग लिम्बुले मिति २०७५/०३/३२ गते रु.२३ करोड ९९ लाख १४ हजार ७ सय(प्रदेश सरकार सशर्त अनुदान, निर्वाचन क्षेत्र विकास, प्रधानमन्त्री स्वरोजगार कार्यक्रम र अर्थ बजेट बाहेक)को बजेट गाउँ सभा समक्ष पेश गर्नु भएकोमा सोही मिति बजेट पारित गरी प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिएको छ । त्यसैले तोकिएको समायमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>२.</td><td>पूर्वाधार तर्फको क्षेत्रगत बजेट र खर्चको स्थिति : गाउँ सभाबाट पारित वित्तीय समानीकरण पूर्वाधार तर्फको क्षेत्रगत कार्यक्रम र बजेट व्यवस्थापनको स्थिति देहाय बमोजिम रहेको छ ।
<table>
<tr><th>क्र.स.</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>कुल खर्चमा विषयगत खर्च %</th></tr>
<tr><td>१</td><td>सडक</td><td>५५८५००००</td><td>५३४९०६२४</td><td>३७.२७</td></tr>
<tr><td>२</td><td>भवन निर्माण</td><td>३००००००००</td><td>२९१७२७७७</td><td>२०.३२</td></tr>
<tr><td>३</td><td>खानेपानी</td><td>२५०००००</td><td>२४८३०००</td><td>०.६६</td></tr>
<tr><td>४</td><td>विद्युत</td><td>१३५००००</td><td>९५००००</td><td>१.७३</td></tr>
<tr><td>५</td><td>अन्य सर्वजनिक निर्माण</td><td>६६६२९३७७</td><td>५७४५७२९७</td><td>४०.०२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१५६३२९३७७</td><td>१४३५५३६९८</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार गाउँपालिकाले भौतिक पूर्वाधार तर्फको बजेटबाट सार्वजनिक सडक निर्माण, भवन निर्माण, खानेपानी योजना, विद्युत र अन्यमा क्रमश: ३७.२७%, २०.३२%, ०.६६%, १.७३% र ४०.०२% बजेट व्यवस्था गरी खर्च गरेको देखिन्छ ।</td><td></td><td></td></tr>
<tr><td>३.</td><td>कानुन निर्माण र कार्यान्वयन : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार गाउँपालिकाले ६ ऐन, २ नियम र ३ निर्देशिका गरी जम्मा ९ कानुनहरु स्वीकृत गरेकोमा स्थानीय राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा ल्याइएका छन् ।</td><td></td><td></td></tr>
<tr><td>४.</td><td>आन्तरिक नियन्त्रण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

गाउँपालिकाले तोकिए बमोजिम पर्याप्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन ।
गाउँपालिकाको वडा कार्यालय र विषगत शाखामा छुट्टा छुट्टै जिन्सी खाता राखेको र जिन्सी सामानको एकीकृत विवरण समेत नबनेको अवस्थामा जिन्सी सामानको हिनामिना र चुहावट हुन सक्ने स्थिति देखिएको ।
सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद गुरु योजना तयार नगरी खरिद कारबाही संचालन गरेको ।
गाउँपालिकाले तोकिए बमोजिम Sub-National Tresury Regulatory
</td><td></td><td></td></tr>
</table>

Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्नेमा सो गरेको छैन ।

- महालेखा नियन्त्रक कार्यालयबाट २०७४ कार्तिकमा जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या-२०७४ अनुसार एकीकृत आर्थिक संकेत प्रयोग गरेको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार वर्षान्तमा माग भएको ।
- मन्त्रालयको मिति २०७३/१२/२५ को परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख अद्यावधिक गरेको छैन ।

त्यसैले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ ।

५. **वडा सचिवको पदपूर्ति :** गाउँपालिका अन्तर्गका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

वडा संख्या	वडा सचिवको दरवन्दी	पदपूर्ति	रिक्त संख्या
६	६	४	२

उपरोक्त विवरण अनुसार गाउँपालिकाका ६. वटा वडा सचिव मध्ये ४ जनाको पदपूर्ति भई २ जनाको दरबन्दी मात्र रिक्त रहेको छ ।

६. **न्यायिक समिति र न्याय सम्पादन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उपाध्यक्षको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिमा दर्ता तथा फछ्र्यौट भएका विवादहरु देहाय बमोजिम छन् ।

दर्ता भएका विवाद	फछ्र्यौट भएका विवाद	फछ्र्यौट हुन बाँकी विवाद
२	२	०

७. **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

क्र.सं.	बजेट उपशीर्षक	कुल खर्च	चौमासिक खर्च			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	आषाढ महिना
१	वित्तीय सामानीकरण पुजीगत	८२००००००		४६४२४९२१	३५५७५०७९	२१८२८९६०
२	सशर्त अनुदान	१५३४८०१७		६१३९२०७	९२०८८१०	९२०८८१०
३	प्रदेश सरकार बितीय समानिकरण अनुदान	३३१४०००		१५४९०००	१७६५०००	१५३००००
४	प्रदेश सरकार सशर्त अनुदान	१४७२४३५९			१४७२४३५९	९५६४९२५
५	राजश्व बाडफाड/गत आ.व को अल्या/प्रदेश सरकार राजश्व वाडफाड/आन्तारक आम्दानी	२०६६७३२२	२५९१८६३	३६२२०४६	१४४५३४१३	८०२०३१४
६	स्थानीय साझेदारी विकास कार्यकम	३५०००००		१००००००	२५०००००	२५०००००

७	प्रदेश निर्वाचन क्षेत्र विकास कार्यक्रम	४००००००		२००००० ०	२००००००	२००००००
	जम्मा	१४३५५३६९८	२५९१८६३	६०७३५१७४	८०२२६६६१	५४६५३००९
	प्रतिशत	१००	१.८१	४२.३२	५५.८७	३८.०७

प्रस्तुत विवरण अनुसार कार्यालयबाट तेस्रो चौमासिकमा ५५.८७ प्रतिशत र आषाढ महिनामा मात्र ३८.०७ प्रतिशत रकम खर्च भएको छ । तेस्रो चौमासिक तथा आषाढ महिनामा बढी खर्च गर्दा जोखिमका क्षेत्रहरु बढ्न सक्ने, अनुगमन र गुणस्तर नियन्त्रणमा कठीनाई हुने तथा कामको गुणस्तरमा समेत नकारात्मक प्रभाव पर्न सक्ने देखिएकाले यस्तो अवस्थामा सुधार गरी खर्च प्रणालीलाई तोकिए बमोजिम व्यवस्थित बनाउनु पर्दछ ।

८. **सशर्त अनुदानः** सशर्त अनुदान रु.९८९८००० निकासा भई रु.९५२९२२२७ खर्च भई बाँकी रहेको रु.३६८७७७३ नेपाल सरकारको अनुदान फिर्ता नगरेकोले उक्त रकम सम्वन्धिल बेरुजु खातामा दाखिला गर्नुपर्ने रु. ३६८७७७३

९. **प्रदेश सशर्त अनुदानः** प्रदेश नं.१ सरकारबाट हस्तान्तरित रकम रु.१९०००००० मध्ये रु.१८७२४३५९ मात्र खार्च भएकोले बाँकी रु.२७५६४१ रहेकोले उक्त रकम सम्बन्धित बेरुजु खातामा दाखिला गर्नुपर्ने रु. २७५६४१

ब.उ.शि.नं. ८०१४०२३ (वित्तीय सामानीकरण चालुतर्फ)

१०. **परामर्श सेवाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ अनुसार ५ लाख रुपैयाँसम्मको परामर्श सेवा सोझै बार्ताबाट खरिद गर्न सक्ने व्यवस्था छ । सार्वजनिक निकायलाइ उपयोगी र आवश्यक पर्ने तालिम गोष्ठी र सेमिनार जस्ता विषयमा मात्र सेवा लिनु परेमा पाँच लाख रुपैयाँसम्मको परामर्श सेवामा सार्वजनिक निकायको प्रमुख आफैले र सोभन्दा माथि बीस लाख रुपैयाँसम्मको हकमा एक तह माथिको अधिकारीको स्वीकृत लिइ ऐनको दफा ३७ को प्रतिकुल नहुने गरी सोझै बार्ताबाट खरिद गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले निम्न अनुसार परामर्श सेवा वापत सोझै र सिलबन्दि खरिद प्रक्रियाबाट खरिद गरी रकमको भुक्तानी दिइएकोमा खरिद नियमावली, २०६४ को नियम १२ बमोजिम लागत अनुमान तयार गरेको, नियम ६९ बमोजिम कार्य क्षेत्रगत शर्त तयार गरेको तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ बमोजिम प्रस्ताव दातासंग वार्ता गरेको साथै एक तह माथिको स्वीकृती नलिएकोले नियमित नदेखिएको रु. ३३३३५३०.५

भौ.नं.र मिती	विवरण	काम	रकम
२६४/२०७६/३/२४	कम्पास इन्जिनियरिङ कन्सलटेन्स	सडक डी.पी.आर.	४९४०९३
२६५/२०७६/३/२४	अन्जना इन्टरप्राइजेज एण्ड इन्जिनियरिङ	सडक डी.पी.आर.	४९७२००
२२४/२०७६/३/१८	हिमाली संरक्षण मञ्च	वातावरण अध्ययन	३३१०००
२६९/०७६/३/२४	आशिश सेल्स इन्ट अपार्टमेन्ट	भिलेज प्रोपाइल	७९१०००
२६९/०७६/३/२४	ट्रस्ट अफ इन्जिनियरिङ	(प्रदेश सरकार शसर्त अनुदानबाट रंगशालाको डी.पी.आर.	९९००००
६/२०७६/३/३०	हिमालयन समाजिक परामर्श केन्द्र (प्रा.लि)	वातावरण र उर्जाको डी.पी.आर.	२३०२३७.५०
	जम्मा		३३३३५३०.५

११. **जिन्सी दाखिलाः**

(क) भौ.न.र मिती २७१।०७६।२५ साघु स्वास्थ्य चौकीलाई अफिस दराज टेबुल स्टील पर्दा जस्ता जिन्सी दाखिला प्रमाण पेश हुनुपर्ने रु १०००००

(ख) २३५।२०७६।३।१९ माङमाया खोला काठेपुल निमार्ण कार्यक्रमको लागि रु ५००००० विनियोजित भई उपभोक्ता समितिले व्यहोर्ने रु. १३९५०० समेत लागत अनुमान रु. ६२४५००.४७ भई कार्य सम्पन्न रकम रु.६१४५२२.४९ देखियो । उक्त पुलको लागि पाथिभरा हार्डवेयर सेन्टर ताप्लेजुङबाट ग्याबिन खरिद भएकोमा गुणस्तर परिक्षणको प्रमाण पेश नभएको रु ११९१५८.२८

१२. **शिर्षक फरक पारी खर्च गरेको** : भौ.नं.र मिती २३०।२०७६।३।१९ स्वास्थ्य चौकी फाकुम्वालाई तालिम दै.भ्र.भता खर्च सार्वजनिक निर्माणबाट खर्च शिर्षकबाट लेखेको रु. १०००००

१३. **मर्मतः** भौ.नं.र मिति ९५।२०७६।३।१३ आर्थिक कार्यविधी नियमावली, २०६४ बमोजिम कुनै मालसामान मर्मत गर्दा सो को लागत अनुमान तैयार गरि सोको मर्मत आदेश स्वीकृति गराई फेरिएका मालसामानबाट जिन्सी दाखिला गर्नुपर्नेमा स्वीच अन सोलुसनलाई मेशनरी औजार मर्मत गरेको रकम भुक्तानी भएकोमा लागत अनुमान फेरिएका सामानको जिन्सी दाखिला र मर्मत आदेश स्वीकृत प्रमाण पेश हुनुपर्ने रु २१५४६०

१४. **वडा कार्यालय सवारी साधन मर्मतः** भौ.नं.र मिति ९७०७६।३।१३ वाट विभिन्न वडा कार्यालयको सवारी साधन मर्मत खर्च रु १९७४८० भुक्तानी भएकोमा उक्त वडाहरुको सवारी विवरण जिन्सी खाता पेश नभएकोले व्यक्तिगत प्रयोजनाको सवारी साधन मर्मत वा सरकारी मोटरसाइकल मर्मत नखुलेको प्रमाण पेश हुनुपर्ने रु १९७४००

१५. **तलबी प्रतिवेदन पारीत नगरेकोः** निजामती सेवा नियमावली, २०५० को ७ ख(२) अनुसार जिल्ल स्थित कार्यलयका निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पाश नगराई तलब खुवाउन हुदैन भन्ने उल्लेख छ । गाउँपालिकाले यो वर्षमा तलबमा रु.१ करोड १९ लाख ४० हजार ३ सय १३ रुपैया र पैसा ५० खर्च लेखेकोमा सो नियमावलीको पालना गरेको देखिएन ।

१६. **सामाजिक सुरक्षा करः** आयकर ऐन, २०५८ को अनुसुचि १ अनुसार १% सामाजिक सुरक्षा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाका पदाधिकारीहरुलाई यो वर्ष रु.४७७०००० मासिक सुविधा बापत भुक्तानी गर्दा उक्त कर कट्टी नगरेकोले असुल हुनुपर्ने रु. ४७७००

ब.उ.शि.नं. ८०१४०२४ (वित्तीय समानीकरण पूँजीगततर्फ)

१७. **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । गाउँसभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७५/७६ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

रु.१ लाख सम्म	रु. १ देखि २ लाख सम्म	रु. २ देखि ३ लाख सम्मका	रु. ३ देखि ४ लाख सम्मका	रु. ४ देखि ५ लाख सम्मका	रु. ५ देखि १० लाख सम्मका	रु. १० लाख भन्दा बढिका	जम्मा
५६	६६	३४	२३	१३	१५	१२	२१९

उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष रु.१२ हजार ५ सयदेखि रु.३१ लाख ३४ हजार ३ सय ७० सम्मका जम्मा २१९ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र १९२ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रवाही नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

१८. **उपभोक्ता समिति दर्ता** – संस्था दर्ता ऐन, २०३४ दफा ३ अनसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । कार्यालयले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन । उक्त समितिहरु स्थानीय रुपमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

१९. **लागत सहभागिता** – गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,

	नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्वन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने व्यवस्था गरिएको छ । कार्यालयले उक्त व्यवस्था अनुसार विभिन्न आयोजना/कार्यक्रम सञ्चालन गर्ने क्रममा सार्वजनिक खरिद नियमावली तथा गाउँपालिकाले लागू गरेको कार्यविधिको उक्त व्यवस्था अनुसार नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिएको पाइएन । कार्यालयले यस वर्ष विभिन्न २१९ वटा विकास निर्माण तथा पूर्वाधार योजनामा रु. १४ करोड ३५ लाख ५३ हजार ६ सय ९८ खर्च गरेको भए तापनि ती कुनै पनि आयोजनाका उपभोक्ता समितिबाट नगद सहभागिता व्यहोरेको पाइएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।		
२०.	**मर्मत सम्भार कोष** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ । साथै कार्यालयले विभिन्न आयोजना/कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्वन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भए तापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कतिपय उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ ।		
२१.	**हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।		
२२.	**निर्माण कार्यको गुणस्तर** – गाउँ कार्यपालिका कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त व्यवस्था अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।		
२३.	**जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, पार्क निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट वोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ ।		

२४. **अनुत्पादक क्षेत्रमा लगानी –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस गाउँपालिकाले खेलकुद, गुम्बा निर्माण, सामुदायिक भवन निर्माण जस्ता योजनाहरु समेत छनौट गरी खर्च गरेको पाइयो । कार्यालयले यस वर्ष निम्नलिखित ८ वटा त्यस्ता अनुत्पादक क्षेत्रका योजनामा देहाय अनुसार रु. ३० लाख ८० हजार लगानी गरेको पाइयो ।

अतः यस्ता अनुत्पादक योजनाहरुमा लगानी निरुत्साहित गरी स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरे अनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरु छनौट गरी कार्यान्वयन गरिनुपर्दछ ।

सि.नं.	योजनाको नाम	भुक्तानी रकम
१.	खेलकुद क्याम्पिङ	९०००००
२.	विद्यालयस्तर सप्ताहिक अतिरिक्त क्रियाकलाप	२०००००
३.	कार्यालयले स्वीकृत गरेको गैर-सरकारी संस्थाहरुसंग लागा सहभागिता	२०००००
४.	सामुदायिक भवन घेरावारा तथा फर्निचर खरिद	३०००००
५.	उर्गेन सोलिङ गुम्बा प्रोटेक्सन वाल	३०००००
६.	आदिवासी जनजाती भेषभुष खरिद	३०००००
७.	पोथी पोखरी संरक्षण	३९००००
८.	टासी दिन बौद्ध गुम्बा निर्माण	४९००००
	जम्मा	३०८००००

२५. **सवारी साधन खरिद –** स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनका लाागि सवारी साधन खरिद गर्न नसकिने व्यवस्था छ । गाउँ पालिकाले यस वर्ष मोटरसाइकल थान ७ खरिद गरी निम्नानुसार रु.३१ लाख ३४ हजार ३ सय ७० रुपैया खर्च लेखेको छ । गाउँ पालिकाको आफ्नो आन्तरिक आय करिब रु. २१ लाख ५५ हजार ५ सय २१ मात्र भएको अवस्थामा वित्तीय समानीकरण अनुदानबाट सवारी साधनमा यति ठुलो धनराशि खर्च गरेको छ भने हाल गाउँपालिकामा विभिन्न प्रकारका गरी रु.३१ लाख ३४ हजार ३ सय ७० रुपैयाका देहाय बमोजिम सवारी साधन रहेका छन् ।

गो.भौ.न./ मिति	विवरण	कम्पनी/क्षमता	संख्या	रकम रु.	आपूर्ति कर्ताको नाम
२४-०७५/१०२७	मोटरसाइकल	Honda, 150 cc	६	२८३४४७०	देव अटो ट्रेडर्स, धरान
६०-०७५/११/२७	मोटरसाइकल	CB Hornet	१	२९९९००	महागणपति अटो ट्रेडर्स, इलाम
		जम्मा	७	३१३४३७०	

२६. **पूँजीगत बजेटबाट चालु प्रकृतिका खर्च –** महालेखा नियन्त्रक कार्यालयबाट २०७४ कार्तिकमा जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या-२०७४ अनुसार पूँजीगत खर्चको वर्गीकरणभित्र कुनै संरचना निर्माण, मेशिन औजार तथा उपकरण खरिद, सवारी साधन खरिद, सुरक्षा उपकरण खरिद, पूँजीगत संरचनाको आयु थप हुने गरी गरिने पूँजीगत सुधारका खर्चहरु समावेश हुने व्यवस्था छ । तर कार्यालयले सो भन्दा फरक हुने गरी तालिम, प्रशिक्षण, सीप विकास, सचेतना अभिवृद्धि, पोशाक तथा भेषभुषा खरिद, जेष्ठ नागरिक, एकल महिला सम्मान जस्ता चालु प्रकृतिका कार्यक्रमहरु पनि पूँजीगत कार्यक्रममा समावेश गरी खर्च गरेको पाइयो । यसरी चालु/कार्य सञ्चालन प्रकृतिका कार्यमा पूँजीगत बजेट खर्च गर्दा एकातर्फ पूँजीगत कार्यमा भएको खर्चको यथार्थ तस्वीर चित्रण नहुने तथा पूँजीगत सम्पत्ति निर्माण तथा सिर्जनामा पनि योगदान नपुग्ने हुँदा यस तर्फ ध्यान दिनुपर्ने देखिएको छ । पूँजीगत बजेटबाट चालु प्रकृतिका कार्यमा भएका खर्चका केही उदाहरण देहाय अनुसार छन् :–

सि.नं	भौ.नं./मिति	खर्च विवरण	खर्च रकम रु.

१.	२६-२०७५/१०/२७	खेलकुद क्याम्पिङ	२३५०००
२.	२७-२०७५/१०/२७	खेलकुद सञ्चालन	५००००
३.	४३-२०७५/११/१४	खेलकुद कार्यक्रम	१०००००
४.	४८-२०७५/११/१७	लक्षित कार्यक्रम (सिलाइकटाई)	१७५०००
५.	६३-२०७५/११/२७	खेलकुद कार्यक्रम	१९९००
६.	६५-२०७५/११/३०	जलजले क्लव खेलकुद सञ्चालन	२५००००
७.	७२/१३१-२०७५/१२/१३-१/१७	व्युटिपार्लर साझेदारी कार्यक्रम	३२८७४६
		जम्मा	११५८६४६

२७. २११-२०७६।३।११ बाट वडा नं ४ कार्यालय भवन निर्माणको लागत अनुमान रु.४०१७१२५.३४ भई सम्झौतामा गाउपालिकाबाट रु.१००००००, समन्वय कार्यालयबाट रु.२५००००० र उपभोक्ता समितिबाट रु.६२२१२५.३४ व्यहार्ने गरी सम्झौता भई उक्त कामको नापी कितावमा कामको मुल्याङकन गरि भुक्तानी गर्नु पर्नेमा सो वेगर भुक्तानी भएको पाइएकोमा नापी र कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. १००००००

२८. **फरक नर्म्सको प्रयोग –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनमान तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले कतिपय कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकार, स्थानीय पूर्वाधार तथा कृषि सडक विभागबाट स्थानीय निकायको लागि स्वीकृत नर्म्स प्रयोग नगरी अन्य निकायबाट जारी नर्म्सको प्रयोग गरेको पाइयो । जसले गर्दा विभिन्न संरचनाको फाउण्डेशन तथा बाटोमा गरिने ढुंगाको सोलिङ्ग तथा ढुंगाको गाह्रो (स्टोन म्यासनरी-१:४ र १:६) कार्यको लागत दरमा फरक परी उक्त कार्यहरुमा थप व्ययभार पर्न गएको छ । यस वर्ष लेखापरीक्षणमा छनौट गरी परीक्षण गरिएका स्टोन सोलिङ्गतर्फ २३ योजनामा रु.१०११९७९०.२० र स्टोन म्यासनरी तर्फ देहायका ८ योजनामा रु.१३८७९६.६१ समेत जम्मा रु.११५८५८६.८१ थप व्ययभार परेको देखिएको सम्बन्धमा गाउँकायपालिकाबाट उचित निर्णय हुनुपर्ने देखिएको रु. ११५८५८६.८१

२८.१ <u>स्टोन सोलिङ्गतर्फ (डोलिडारको नर्म्समा प्रति घ.मी. कार्यको लागि अदक्ष कामदार ०.७५ म्यानडेज भएकोमा ५ म्यानडेज र ढुंगाको परिमाण १ घ.मी. भएकोमा २ घ.मी. राखेको कारणबाट थप व्ययभार परेको)</u>

भौ.नं.र मिति	कार्य विवरण	परिमाण	भुक्तानी दर	पाउनुपर्ने दर	बढी दर	बढी भुक्तानी
५-२०७५/८/९	ड्रिलिप रोडदेखि छागाँसम्म जाने सडक स्तरन्नोति तथा कुलो मर्मत	२५७.२५	३०२२.५०	२३६१.२५	६६१.२५	१७०१०६.३८
७-२०७५/९/८	ड्रिलिप मानेडाँडा चित्रे सडक स्तरोन्नती	७१.३५	३०२२.५	२३६१.२५	६६१.२५	४७१८०
१०-२०७५/९/८	सशस्त्र वेश क्याम्पको भान्सा निर्माण	१४.४८	३०२२.५	२३६१.२५	६६१.२५	९५७४.९
२१-२०७५/१०/१८	सौरेनी सडक स्तरउन्नती	५२.०७	३०२२.५	२३६१.२५	६६१.२५	३४४३१.२९
२२-२०७५/१०/१८	देवी खोल्सादेखि गाउँपालिकासम्म जाने सडक स्तरउन्नती	७२.५३	३०२२.५	२३६१.२५	६६१.२५	४७९६०.४६
२३-२०७५/१०/१८	मजुवा ताम्राङ एकबासे टिम्बुरे सडक स्तरउन्नती	१५४.८३	३०२२.५	२३६१.२५	६६१.२५	१०२३८१.३३
४२-२०७५/११/१४	ड्रिलिप रोडदेखि छाँगासम्म जाने सडक स्तरउन्नती तथा कुले मर्मत	२६०.१४	३०२२.५	२३६१.२५	६६१.२५	१७२०१७.५८
६६-२०७५/११/३०	सागादिकी स्कुल भवनको भित्तामा पर्खाल निर्माण	०९८	३०२२.५०	२३६१.२५	६६१.२५	६४८.०३
६८-	देवीखोला खानेपानी	३.०८	३०२२.५	२३६१.२५	६६१.२५	२०३६.६५

२०७५/१२/४	मर्मत					
७०-२०७५/१२/१३	सुरबिरेदेखि माफगाउँ हुँदै तेल्लोकबुडसम्म सडक निर्माण	१६.४	३०२२.५	२३६१.२५	६६१.२५	१०८४४.५
७१-२०७५/१२/१३	मानेडाँडा आ.वि.कक्षाकोठा प्लाष्टर	६.५९	३०२२.५	२३६१.२५	६६१.२५	४३५७.६४
८१-२०७५/१२/२०	लुकुवा आसिके पामा कोहलचौर सडक मर्मत	३७.६३	३०२२.५	२३६१.२५	६६१.२५	२४८८२.८४
९४-२०७५/१२/२२	माछापोखरी मानेडाँडा खानेपानी मर्मत	३.१२	३०२२.५	२३६१.२५	६६१.२५	२०७३.१
९८-२०७५/१२/२४	बाघधारा माफगाउँ कुवापानी खानेपानी मर्मत	६.८८	३०२२.५	२३६१.२५	६६१.२५	४५४९.४
९९-२०७५/१२/२४	ढुङ्गेसाँघु सामुदायिक भवन घेरावारा तथा फर्निचर खरिद	१.९५	३०२२.५०	२३६१.२५	६६१.२५	१२८९.४४
१०२-२०७६/१/२	तिरतिरे ढुङ्गेसांघु सडक मर्मत कार्य	१६३.१७	३०२२.५	२३६१.२५	६६१.२५	१०७८९६.१६
१०६-२०७६/१/५	सरस्वती आ.वि.विद्यालय बालकक्षा व्यवस्थापन	४.०९	३०२२.५	२३६१.२५	६६१.२५	२७०४.५१
१३८-२०७६/२/२१	सामुदायिक भवन जाने बाटो सोलिङ निर्माण	३९.५६	३०२२.५	२३६१.२५	६६१.२५	२६१५९.०५
१६८-२०७६/२/३१	प्रहरी चौकी ठेस पर्खाल निर्माण	३१.२३	३०२२.५	२३६१.२५	६६१.२५	२०६५०.८४
१८१-२०७६/२/३१	खोलाखेतबाट ताम्राङ पुछारसम्म सडक निर्माण	११५.०५	३०२२.५	२३६१.२५	६६१.२५	७६०७६.८१
१८२-२०७६/३/३	सेलुवा चुचेडाँडा सिचाई कुलो मर्मत	१९.२३	३०२२.५	२३६१.२५	६६१.२५	१२७१५.८४
१८५-२०७६/३/३	वडा कार्यालयबाट ओदक जाने बाटो सडक स्तरउन्नती	१४२	३०२२.५	२३६१.२५	६६१.२५	९३८९७.५
२०३-२०७६/३/१६	जैवाखोला रोड सोलिङ निर्माण	६८.४४	३०२२.५	२३६१.२५	६६१.२५	४५२५५.९५
	जम्मा					१०११९७९०.२

स्टोन म्यासनरी १:६ तर्फ (डोलिडारको नर्म्समा प्रति घ.मी. कार्यको लागि अदक्ष कामदार ३.२९ म्यानडेज भएकोमा ५ म्यानडेज राखेको कारणबाट थप व्ययभार परेको)

भौ.न.र मिती	योजनाको नाम	परिमाण	नर्म्स दर	भुक्तानी दर	बढी दर	बढी भुक्तानी
१०-०७५/९/८	तेल्लाबुङ सशस्त्र वेश क्याम्पको भान्सा निर्माण	३.२१	११४०५.१९	१२५२५.२४	११२०.०५	३५९५.३६
५७-०७५/११/२१	मुलपानी प्राथमि विद्यालय	३.७१	११४०५.१९	१२५२५.२४	११२०.०५	४१५५.३९
६६-०७५/११/३०	सागादिगी स्कुल भवनको भित्तामा पर्खाल निर्माण	२०.७७	११४०५.१९	१२५२५.२४	११२०.०५	२३२६३.४४
६८-०७५/१२/४	देवी खोला खानेपानी मर्मत	२.७४	११४०५.१९	१२५२५.२४	११२०.०५	३०६८.९४
९९-०७५/१२/२४	ढुङ्गेसाँघु सामुदायिक भवन घेरावारा तथा फर्निचर खरिद	२२.३	११४०५.१९	१२५२५.२४	११२०.०५	२४९७७.१२
१०२-०७६/१/२	तिरतिरे ढुङ्गेसाँघु कृषि सडक स्तरउन्नती	२५.७५	११४०५.१९	१२५२५.२४	११२०.०५	२८८४१.२९
२९-०७६/२/१	पि.एच.सी.एक्सरे कोठा निर्माण	१०.४७	११४०५.१९	१२५२५.२४	११२०.०५	११७२६.९२
१८२-०७६/३/३	सेलुवा चुचेडाँडा सिचाइ कुलो मर्मत निर्माण	३४.९७	११४०५.१९	१२५२५.२४	११२०.०५	३९१६८.१५

		जम्मा					१३८७९६.६१

२९. **कर बिजक जारी नगरेको –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(२) बमोजिम बीस हजार रुपैयाभन्दा बढी रकमको मालसमान खरिद गर्दा वा निर्णय कार्य गराउँदा मूल्य अभिवृद्धि कर प्रमाण पत्र प्राप्त व्यक्ति, फर्म, संस्था वा कम्पनिबाट खरिद गर्नुपर्ने र मू.अ.कर नियमावली, २०५५ को अनुसुची-५ को ढाँचामा कर बीजक जारी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निम्न योजनाको काममा भुक्तानी दिँदा मूल्य अभिवृद्धि कर बीजक बेगर पान बिल पेश गरी खर्च लेखेको उक्त रकम नियमित नदेखिएको रु.

गो.भा.न./मिति	कार्य विवरण	सप्लार्यसको नाम	मू. अ. कर रकम
२-२०७५/६/१८	मैवाखोला गाउपालिका	भटराई भेराइटीज स्टोर्स	६२२००
५-२०७५/८/१९	ड्रिलिप रोडदेखि छाँगासम्म जाने सडक स्तरोन्नती तथा कुलो व्यवस्थापन	पर्शन एण्ड प्रदर्शन कन्स्ट्रशन प्रा.लि.	४६६०२०
१९-२०७५/१०/१८	असाङलुङ प्रा.वि.मा सोलार व्याट्री खरिद तथा बाल कक्षा व्यवस्थापन	सयपत्री फर्निचर उधोग	२५५००
३५-२०७५/११/३	नवज्योती आ.वि.बाल कक्षा तथा शैक्षिक सामग्री व्यवस्थापन	जनकल्याण स्टेशनरी तथा किराना पसल	५२१४०
४८-२०७५/१०/१७	लक्षित कार्यक्रम सिलाइ कटाई	न्यु पाथीभरा ट्रेडर्स	५२४२५
६५-२०७५/११/३०	शिबरात्रीमा खेलकुद कार्यक्रम	मेदर्स कलेक्शन	५७८००
६५-२०७५/११/३०	ढुङगेसाघु होटल एण्ड लज	-	५८५००
६५-२०७५/११/३०	ढुङगेसाघु होटल एण्ड लज	चोडवाङ भेराइटिज सप्लायर्स एण्ड कम्प्युटर सेन्टर	५२६४८
६५-२०७५/११/३०	ढुङगेसाघु होटल एण्ड लज	अविनाश हस्तकला उधोग	४१९९५
९०-२०७५/१२/२२	श्री रानीवन प्रा.वि.बाल कक्षा व्यवस्थापन निर्माण	तारा फनिसीङ सप्लायर्स एण्ड ट्रेडर्स	७२०००
१०७-२०७६/१/६	सांघु स्वास्थ्य चौकी प्रोटेक्सन वाल	सेहाङ ढुवानी सेवा	८९०००
११८-२०७६/१/२५	सिंह आ.वि.वालकक्षा व्यवस्थापन	पुष्प स्टेशनरी एण्ड किराना पसल	४०५१०
१२३-२०७६/१/२७	मंगलादेवी बालकक्षा व्यवस्थापन	पुष्प स्टेशनरी एण्ड किराना पसल	८८४९५
१३१-२०७६/२/१	ब्यटिपार्लर तालिम	सक्षम भेराइटिज	६५१६८
१३१-२०७६/२/१	ब्यटिपार्लर तालिम	सम्राट स्टोर्स	२५२४६
१७५-२०७६/२/३१	आदिवासी जनजाती ४ भेषभुषा कार्यक्रम	फोटो स्टुडियो एण्ड गिफट सेन्टर	६१२००
१७५-२०७६/२/३१	आदिवासी जनजाती ४ भेषभुषा कार्यक्रम	कन्चनजंघा सर्टिङ सेन्टर	६६०१२
१९७-२०७६/३/१२	पिपलबुङ माङहिम निर्माण	अनुपा ट्रेडर्स एण्ड सप्लायर्स	७७०००
		जम्मा	१४५३८५९

१४५३८५९

३०. २१५।२०७६।३।१७ फेन्च डाँडा ग्याविन पर्खाल निर्माण उपभोक्ता समितिले मिश्र सप्लायर्स एण्ड ट्रेडर्स ताप्लेजुङबाट तारजाली खरिद भएकोमा उक्त ग्याविनको गुणस्तर परीक्षण प्रमाण पेश हुनुपर्ने रु

५८९८६

३१. **शौचालय निर्माण** : ११।२०७६।३।१९ वाट पाटीडाँडा मा.वि. को शौचालय निर्माण कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५ को क्रियाकलाप नं २.१५.११.७९७ बमोजिम शौचालयको सरसफाइ प्रशस्त पानीको व्यवस्था हुनुपर्ने भन्ने उल्लेख भएकोमा धारा सेफटी टंकी जस्ता कामको लागत अनुमानमा समावेश समावेश गरेको देखिएन ।

७०००००

३२. **पाइप खरिद**: २५५।२०७६।३।१८ वाट पोलिथिनको ठुलो पाइप र खानेपानी पाइप खरिद उपभोक्ता समितिलाई १८० एम.एम. २० मि २२५ एम.एम.३५ मी २५० एम.एम. ४५ मी १६ एम.एम.३०० मी २० एम.एम. १०२० मी ३२ मी २०० मी पाइप खरिद रु २८६८४७ खर्च गरेकोमा उक्त पाइपको जिन्सी दाखिला गरि वितरण गरेको भरपाई पेश हुनुपर्ने रु

२८६८४७

३३. **कार्य सम्पन्न नभएको**: भौ.नं.र मिति १०।२०७६।३।१९ असाङलुङ प्रा.वि.लाई दुइ कोठे भवन निर्माणको लागि गा.पा.वाट १६००००० जन श्रमदानबाट ३२९९३१ जम्मा रु १९२९९३१ खर्च भइ १६००००० भुक्तानी भएकोमा उक्त भवनको कार्य सम्पन्न प्रतिवेदन र नापी किताव पेश नभएको रु

१६०००००

३४. वडा नं.२ वडा कार्यालय भवन निर्माण उपभोका समितिलाई लागत अनुमान रु ४०१७१२५.३४ मध्ये उपभोक्ता समितिको ६२२१२५.३४ र कार्यालयको तर्फवाट ३५००००० देखिएको व्यहोरा निम्न अनुसार छन् :

(क) मैवाखोला गाउपालिका वाडा नं.२ ढुङगेसाघुमा भवन निर्माण गर्दा सम्झौता पत्र अनुसार ०७६।३।१५ मा भवन निमार्ण गर्दा सम्झौता अनुसार ०७६।३।१५ मा भवन निमार्ण पुरा गर्नुपर्नेमा सो पुरा नभइ म्याद थप
(ख) प्रथम रनिङ विल भुक्तानीमा गा.पा.को बजेट खर्च रु १०००००० उपभोक्ता समितिले २१९७८० समेत १३१९७८० को रनिङ विल भुक्तानी गर्नुपर्नेमा १२८७७८० को मात्र भुक्तानी भएकोमा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु

२६९७३४४.७३

३५. **ढुवानी खर्च** : जिल्ला दररेट अनुसार प्रति जाली ढुवानी खर्च फुङलिङ देखि मैवा खोला सम्म ३२७ का दरले २७७९५ भुक्तानी गर्नु पर्नेमा ७९२०० खर्च लेखेकोमा बढि ढुवानी खर्च असुल हुनुपर्ने रु

५१४०५

३६. **सोझै खरिद** : आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ८४(१) सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार वीस लाख रुपैया सम्म लागत अनुमान भएको माल सामान निर्माण कार्य वा जुन सुकै सेवा ऐनको दफा४० बमोजिम सिलबन्दी दरभाउ पत्र आदान गरि खरिद गर्नुपर्ने उल्लेख छ । निम्न अनुसार सप्लायर्सवाट सौझै खरिद भएको नियमित हुनुपर्ने रु.

१५८०४७१

भौ.नं.र मिति	सप्लायर्स	रकम
	औषधि खरिदतर्फ	
२/०७५/११/२१	एग्रो भेटनरी सप्लायर्स	१४७७५७
५/०७६/२/३१	भटराई एग्रोमेट सेन्टर	३९५०००
१५/०७६/३/२५	भटराई एग्रोमेट सेन्टर	६००००
	आयुर्वेदतर्फ	०
३/०७५/६/२५	कर्णाली आयुर्वेदिक फर्म इटहरी	२०००००
५/०७५/९/२६	कर्णाली आयुर्वेदिक फर्म इटहरी	२३९९९५
	पूँजीगत तर्फ	०
२/०७६/१/२९	सजिवनी आयुर्वेद फर्मा	२९७९००
३/०७६/३/२५	विराट संजिविल एण्ड सप्लायर्स	२३९८१९
	जम्मा	१५८०४७१

३७. **अनुपातिक कट्टीः** सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिको योगदानभन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याँकन प्रतिवेदन प्राप्त हुँदा सोही अनुरुप कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न योजनाको लागत अनुमान तयार गरि लाभग्राही समुदायले तथा कार्यालयवाट व्यहोर्ने गरि कार्य गराई उपभोक्ता समितिबाट निर्माण कार्य सम्पन्न गरेकोमा सम्झौताको अनुपातमा मात्र भुक्तानी गर्नुपर्नेमा बढी भुक्तानी गरेको देखियो । सम्झौताको अनुपातभन्दा बढी भुक्तानी भएको रु.७१०८४९ असुल गरि संचितकोष दाखिला गर्नुपर्दछ ।

७१०८४९

भौ.न.र मिती	योजनाको नाम	लगत अनुमान रकम	कार्यालयले व्यहोर्ने कन्टेन्सी	कार्य सम्पन्न रकम	कार्यालयले भुक्तानी दिनुपर्ने अनुपातिक रकम	भुक्तानी रकम	बढी भुक्तानी
२२७/०७६/२/२४	गैरो धारा पोक्ला तेम्वेचोक सम्म सडक निर्माण उ.स	१२८९९७०	९७१३२४	८१५७४७	६१४२४२	७०७१२३	९२८८०
२४७/०७६/३/२३	प्रहरी भान्सा घर उ.सउ	५००३९७	३८२७०६	४००९३७	३६७८२२	३८२७०५	१४८८३
२४८/०७६/३/२४	सिसुवा खोल्सा देखि लाङसेम्वा मोटरवाटो उ.स	६०८४४२	४७८५६२	६४५३५२	५०७५९३	४७८५६१	२९०३२
२५१/०७६/३/२४	नारायणी प्राविधिक मा.वि.चर्पी निर्माण	१६४९२८३	१३३७२९५	१६३०००८	१३२१६६६	१३३७२९५	१५६२८
२५१व/०७६/३/२४	महादेव आ.वि.घेरावार कार्य	३८२१३५	२८८६८१	३६३२९९	२७४४५१	२८८६००	१४२२९
२५४/०७६/३/२४	साक्फारा देखि महेन्द्र मा.वि.सम्मको सडक स्तरोन्नती	२९३७११७	२४२५०००	२५७९१४	२१२७६०२	२४१८४३१	२९०८२९
२५३/०७६/३/२४	प्रहरी चौकी सडक निर्माण	१८७२५१	१५६०१३	९५८४२	७९८५३	८९०१२	९१५९
२५९/०७६/३/२४	पौडेल डाँडा ड्रिलिप सडक स्तरोन्नती	५९७२३०	४८४०७०	५८२२३०	४७१९१२	४८४०७०	१२१५०
४४/०७६/३/३	हेलीप्याड निर्माण	२६१८४६	२१७६०७	२५२५३८	२०९०७१	२१७६०६	७७३५

२२८/०७६/३/१५	महेन्द्र मा.वि.ग्राउण्ड निर्माण	१२५४९७३	९५२९०५	११९९८०८	९११०१८	९५२९०५	४१८८७
२३९/०७६/३/१९	ड्रीलप रोड देखि कुडघाड मानेडाँडा सडक	५९३९३८	४८१२५१	५७८९३८	४६९०९६	४८१५२१	१२४२५
२४०/०७६/३/१९	पाटीडाँडा मा.वि.	४७०९८८	३८३०२३	४४०४४३	३५८१८२	३८३०२२	२४८४०
२३८/०७६/३/१८	पाटीडाँडा मा.वि	३६२७९०	२८४३४२	३५५०३०	२७८२६६	२८४३४२	६०७३
२३३/०७६/३/१९	ड्रीलिप मानेडाँडा चित्रे सडक स्तरोन्नती	१२८८७७६	९७००००	१०५७५०६	७९५९३४	९३५०३३	१३९०९९
	जम्मा						७१०८४९

३८. २०७५।१२१।१४ **भेरिएशन आदेशः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ अनुसार भेरिएशन आदेश परिमाणको प्राविधिक पुष्ट्याई र भेरिएशनको कारण कार्यालय प्रमुखले स्वीकृत गर्नुपर्ने व्यवस्था छ । स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रममा जनकल्याण मा.वि.तेल्बुङको ग्राउण्ड बनाउने कार्यको लागि कार्यालय प्रमुख र प्राविधिक पुष्ट्याई बेगर फरक परिमाणमा कार्य सम्पन्न गरेको रु. २८०३५१

काम	लागत अनुमान		कार्य सम्पन्न		भेरिएशन		
	परिमाण(घ.मि.)	दर	परिमाण(घ.मि.)	दर	परिमाण(घ.मि.)	दर	रकम
माटो काट्ने काम	७६८३	८८.८३	९२७१	८८.८३	१५८८	८८.८३	१४१०६२
ढुङ्गा काट्ने काम	९०२.५	३८९.३८	५४४.७८	३८९.३८	३५७.७२	३८९.३८	१३९२८९
जम्मा							२८०३५१

स्वास्थ्यतर्फ

३९. **कार्य सम्पन्न नभएको**: फाक्कुम्वा स्वास्थ्य संस्था संचालन व्यवस्थापन समिती र वानहार्ट वर्ल्ड वाइडबीच २०७५।११।२६ मा सम्झौता बमोजिम फकुम्वा हेल्थ पोष्टका वर्थिङ सेन्टर मर्मत कार्यको लागि कुल लागत अनुमान रु.२१९१०३७ मध्ये गाउपालिकाबाट रु.१०९५५१८ वानहार्ड वर्ल्ड वाइडबाट रु.१०९५५१८।२ को कार्य गर्ने सम्झौता भएकोमा गाउपालिका तर्फको पुरै रकम भुक्तानी भएता पनि उक्त रकमको नापी किताव र कार्य सम्पन्न पेश नभएको रु १०९५५१०.२

४०. **न्यानो झोला**: कार्यालयको रेकर्ड अनुसार गतवर्षको न्यानो झोला १० वटा यसवर्ष खरिद १०० समेत ११० बटा मौज्दात देखिन्छ । वर्थिङ सेन्टरको रेकर्ड अनुसार यसवर्ष ६५ वटा मात्र वितरण गरी बाँकी ३५ वटाको यसवर्ष आम्दानी बाध्नुपर्ने रु ३५०००

ब.उ.शि.नं ३६५०१५३ (सामाजिक सुरक्षा कार्यक्रमतर्फ)

४१. **सामाजिक सुरक्षा** : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ । यस वर्ष गाउँपालिकाले रु.१,५२,२७,२००.०० सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :-

२१.१ (क) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९ अनुसार तोकिएको मिति भित्र सामाजिक सुरक्षा भत्ता वितरण गरेको छैन ।

(ख) लेखापरीक्षणका क्रममा यस आ.ब. मा विभिन्न कारण लगत कट्टा भएका लाभग्राहीको संख्या यकिने र स्पष्ट हुने अद्यावधिक विवरण उपलब्ध हुन सकेन ।

(ग) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९ अनुसार तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण नगरी सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ ।

(घ) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका २०६९ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छैन ।

त्यसैले सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिने यसको गाउँपालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

२१.२ गाउँपालिकाले यस बर्ष वितरण गरेका सामाजिक सुरक्षा भत्ता सम्बन्धी विवरण देहाय

बमोजिम छ ।

२०६८ को जनगणना अनुसार गा.पा.को कूल जनसंख्या	लाभग्राहीको संख्या	सामाजिक सुरक्षा रकम			गा.पा.को कुल जनसंख्याको तुलनामा लाभग्राही प्रतिशत
		प्रथम चौमासिक	दोश्रो चौमासिक	तेश्रो चौमाशिक	
११०३७	८२६	५२४९२००	५१५०८००	५०९०४००	७.४८%

४२. वडा नं ३ को निम्न व्यक्तिहरुको MIS Record मा ना.प्र.नं.उल्लेख नदेखिएकोले MIS Record मा अद्यावधिक गरेर मात्र वितरण गर्नुपर्ने देखिन्छ ।

क्र.सं.	लाभग्राहीको नाम: ज्येष्ठ नागरिक -(अन्य) भता तर्फ
१	कालु सिं लिम्बु
२	क्यावति सुनुवार
३	दावा शेर्पा
४	धनवहादुर तामाङ
५	नरबहादुर तामाङ
६	पेम्बा जङमु शेर्पा

ब.उ.शि.नं. ८०१४०२३ सर्शत अनुदान शिक्षातर्फ

४३. **विद्यालयगत निकासा रजिष्टर :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक गरी राख्नु पर्दछ

४४. २४३।२०७६।३।२२ मैवाखोला मा.वि.लाई शैक्षिक साम्रगी काठ खरिद र ज्याला समेत गरि रु ५०००० भुक्तानी भएकोमा शैक्षिक साम्रगी राख्न र्‍याक बनाएकोमा उक्त र्‍याक जिन्सी आम्दानी बाध्नु पर्ने रु. ५००००

४५. २४३।२०७६।३।२२ मैवा खोला मा.वि शिक्षक कोठा.व्यवस्थापन समितीलाई र्‍याक सहितको टेबुल २० वटा कुर्सी २० वटा र्‍याक कर्नर र्‍याक २ वटा तयारीको लागि विल भरपाई पेश भएकोमा उक्त सामानको जिन्सी दाखिला हुनुपर्ने रु ३०००००

४६. २३४।२०७६।३।१९ वाल कक्षा व्यवस्थापन गरे वापत जन कल्याण मा.वि. लाई भुक्तानी ३२७५० जिन्सी सामान दाखिला र निमार्ण कार्यको कार्यसम्पन्न पेश हुनुपर्ने रु ३२७५०

४७. **छात्रवृति वितरण :** कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार EMIS मा अभिलेख भएको विद्यार्थी संख्याको आधारमा छात्रवृत्ति वितरण गर्नुपर्नेमा सोभन्दा बढी संख्यालाई वितरण गरेको पाइयो । उक्त बढी वितरण भएको सम्बन्धित विद्यालयहरुबाट असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. ३४८८२

क्र.स.	विद्यालयको नाम	कक्षा	विद्यार्थी संख्या			दर	बढी भुक्तानीर कम
			MIS अनुसार	भरपाई	बढी		
१	सरस्वती चित्रे आ.वि.	१	१८	२५	७	२३८	१६६६
		१०	१०	२७	१७	२३८	४०४६
२	मानेडाँडा आ.वि.	१	१४	२१	७	२३८	१६६६
३	नारायणी मा.वि.	१	२७	३२	५	२३८	११९०
		२	१६	२०	४	२३४	९३६
		१०	६८	७५	७	४५१	३१५७
४	महेन्द्र मा.वि.	१०	४२	५१	९	४५१	४०५९
५	पाटी डाँडा मा.वि.	१	१७	४४	२७	२३८	६४२६
		६	३२	३८	६	४५०	२७००
		७	१६	३४	१८	५०२	९०३६
						जम्मा	३४८८२

आन्तरिक आयतर्फ

४८. **आन्तरिक आय** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०७५/७६ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय र प्रदेश अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
२६१०१७२८६.४३	२१५५२२१	०.८३

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.८३ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै हुन सक्ने चुहावट नियन्त्रणमा ध्यान दिनुपर्ने देखिन्छ ।

४९. **आन्तरिक लेखापरीक्षण:** आन्तरिक लेखापरीक्षणबाट औंल्याएका निम्न व्यहोराहरु समावेश छ । असुल गरी, प्रमाण र पुष्ट्याईं पेश गरी समयमै फछ्यौट गर्नुपर्ने देखिन्छ:

४९.१ खर्च संकेत वर्गिकरण अनुसार खर्च तथा प्रतिवेदनको अवस्था : गाउपालीकाको बजेट तयारी तथा अख्तियारी दिने काम नेपाल सरकार बाट स्विकृत आर्थिक संकेत वर्गिकरण बमोजिम गरीएपनि विनियोजित बजेटको खर्च शिर्षकगत नियन्त्रण को अवस्थामा यकिन हुन सकिएन । खर्च शिर्षकगत मासिक तथा चौमासिक प्रतिवेदनहरु समयमा हुने गरेको पाइएन । मासिक फाँटवारी तथा बजेट सिट तयारी गरेर सो मा आन्तरीक नियन्त्रण कायम गरीनुपर्छ ।

४९.२ <u>उपभोक्ता समिति सम्बन्धी-</u>

१. उपभोक्ता समिति मार्फत गरीएका सवैजसो कामको नापी कितावमा सम्पन्न भएको कामको कुल रकम मध्ये बजेट बमोजिमको रकम स्थानिय निकायले व्यहोर्ने र बाँकि भएको काम उपभोक्ता समितिले व्यहोर्ने गरी देखाएको पाइयो । सम्बन्धित कामको लागत अनुमान तथा रेट एनालाइसेसमा काम सम्पन्न गर्नका लागी कति श्रमीकको आवश्यकता पर्ने हो नखुलाइदा जथाभावि रुपमा डोर हाजिरी फारमको प्रयोग भएको पाइयो । डोर हाजरी फारम मार्फत भएको खर्चहरु मध्ये कुन कुन जनश्रमदान बापतको हो र कुन ज्यालामा काम लगाइएको हो भनेर एकिन हुन सकिएन । यसमा नियन्त्रण गरीनु पर्छ ।

२. आयोजनाको कुल लागतमा उपभोक्ता समितिको श्रमदान समेत संलग्न हुने हुदा लेखांकन तथा प्रतिवेदनमा सो समेत संलग्न गरेमा मात्र वित्तिय विवरणले कारोवारको यथार्थ चित्र प्रस्तुत गर्न सक्ने अवस्था हुन्छ । सवै आयोजनाहरुको उपभोक्ता समितिको योगदान वजेट तयारीको अवस्था देखिनै यकिन गरी सो समेत देखिने गरी खर्चको लेखांकन गर्न जरुरि देखीएको ।

३. उपभोक्ता समितिबाट पेश भएका हेभि इक्वीपमेन्ट प्रयोगको भाडादरमा कुनै प्राविधिक पुष्ट्याइ तथा निर्णय विनानै जथाभावि रुपमा हेभि इक्विपमेन्टको भाडाको विल संलग्न गरेको पाइयो । साथै जटिल प्रकृतिका आयोजनामा प्राविधिकको सिफारीस अनुसार हेभि इक्विपमेन्ट प्रयोग गर्नुपर्ने भएमा प्राविधिक पुष्ट्याइ सहित प्राविधिकले सिफारीस गर्नुपर्नेमा जथाभावि रुपमा हेभि इक्विपमेन्ट प्रयोग गर्दा उपभोक्ता समितिको मर्म विपरीत हुने तथा वातावरणमा समेत गम्भिर असर पर्न सक्छ । साथै समिति पिच्छे मनपरी दरमा भाडा खर्च लेखीदा मितव्ययिता कायम नभएको हुनाले मापदण्ड वनाएर प्राविधिकको सिफारीसका आधारमा मात्र हेभि मेशिन प्रयोग हुनुपर्छ ।

४९.३ गाउपालिका तथा वन हर्ट साझेदारी कार्याक्रम अन्तर्गत फाकुम्वा स्वास्थ चौकीको

वर्थिङ्ग सेन्टरको भवन निर्माण कार्य वापत भुक्तानी भएको रु. 1095518 को प्राविधिक विल नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन संलग्न नरहेकोले अनियमित देखिएको ।

५०. **वित्तीय जवाफदेहिता** : कार्यालयले विभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ। व्यवस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र खरिद व्यवस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट कार्यालयको वित्तीय जवाफदेहिताको स्तरले **"सी"** ग्रेडिङ्ग प्राप्त गरेको छ । अत वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ।

५१. **सम्परीक्षण** : सम्परीक्षणको लागि रु.१४९७२५० पेश हुन आएको छ । सो सम्बन्धमा निम्नानुसार दफाहरु फछ्र्यौट भई बाँकी दफाको प्रमाण कागजात पेश भएपछि मात्र फछ्र्यौंको जानकारी गराइनेछ।

सि.नं.	दफा	विवरण	रकम (रु.)
१	११(२)	६ वडै वडाध्यक्षहरुलाई मोबाइल वितरण गरेको, जिन्सी दाखिला र बुझेको भरपाई पेश भएको	११९७००
२	११(६)	वडाध्यक्ष सुरेन्द्र लिम्बुलाई दै.भ.भुक्तानीमा बढी नगएको प्रमाण पेश भएको	५०००
		सम्परीक्षण हुन नसकेको	
३	१२(१)	अनुगमन खर्च बढी नगएको प्रमाण पेश वा असुल भई नआएको	१७०८५०
४	१३	असुल भई नआएको	३५२५०
५	२३	चट्टानको अनुपात वृद्धि नियमित भई नआएको	११६६४५०

५२. **अनुगमन तथा मूल्याङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम बेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ : **(रु.हजारमा)**

गत वर्षको बेरुजू रकम (रु.) (A)	यो वर्ष फछ्र्यौट (B)	बाँकी (C= A-B)
२६६१०००	१२४७००	२५३६३००

५३. **अद्यावधिक बेरुजू स्थिति** : गाउँपालिकाको आर्थिक वर्ष २०७५/७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ : **(रु.हजारमा)**

गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी C	यो वर्षको सं. प.बाट कायम बेरुजू (D)	यो वर्षको कायम बेरुजू (E)	बाँकी (F=C+D+E)
२५३६३००	०.००	२१२०३५०४.५२	२३७३९८०४.५२

(रमेश अधिकारी) (अर्जुन कु. चौधरी) (निरञ्जन थापा)

अनूसूची-१
वित्तीय जवाफदेहिता मूल्याङ्कन

क.सं.		सूचकहरू (Indicators)	कूल अङ्कभार	कूल प्राप्तांक	कैफियत
१.		**व्यवस्थापकीय पक्ष (सूचक संख्या : ५)**		०-५	
	i.	संगठन संरचना, दरबन्दी र पदपूर्ती, कार्यविवरण तथा जिम्मेवारी बाँडफाँडको स्थिति,	५	३	
	ii.	सञ्चालित कार्यक्रम वा सेवाको अनुगमन तथा आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तता,	५	२	
	iii.	कार्यालयको भौतिक पूर्वाधार तथा सरसफाईको अवस्था,	५	३	
	iv.	गुनासो सुनुवाई तथा तालुक निकायबाट हुने निरीक्षण र निर्देशन कार्यान्वयको अवस्था,	५	२	
	v.	सरकारी सम्पत्तिको लगत, संरक्षण, जिन्सी निरीक्षण तथा सोको प्रतिवेदन कार्यान्वयन स्थिति	५	३	
२.		**वित्तीय व्यवस्थापन पक्ष (सूचक संख्या : ५)**		०-५	
	i.	निकायको नीति तथा कार्यक्रम, बजेट तर्जुमा र कार्यान्वयनको स्थिति,	५	३	
	ii.	विनियोजन, राजस्व, धरौटी लगायत सबै आर्थिक कारोबार अभिलेख र प्रतिवेदनको अवस्था,	५	३	
	iii.	आन्तरिक लेखापरीक्षण र सोबाट औंल्याइएका व्यहोरा कार्यान्वयनको स्थिति,	५	३	
	iv.	अन्तिम लेखापरीक्षणबाट औंल्याइएको बेरुजूको लगत र फछ्र्यौटको स्थिति,	५	३	
	v.	वित्तीय सूचना प्रणाली प्रयोग र त्यसको उपयोगको अवस्था ।	५	३	
३.		**सेवा प्रवाह (सूचक संख्या : ५)**		०-५	
	i.	कार्यालयमा रहेका सेवा प्रवाहसँग प्रत्यक्ष सरोकार राख्ने मेसिन तथा उपकरणहरु प्रयोग रहे नरहेको,	५	३	
	ii.	सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाहको स्थिति,	५	२	
	iii.	सेवा मापदण्ड निर्धारण, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली, हेल्प डेक्स प्रणाली कार्यान्वयनको अवस्था	५	२	
	iv.	निकायबाट प्रवाह हुने सेवाको नागरिक बडापत्र तथा सेवाको गुणस्तर सुधारका सम्बन्धमा उपयुक्त उपायहरुको अवलम्वन,	५	३	
	v.	कार्यालयको सेवामा मध्यस्थ वा विचौलिया उपस्थितिको अवस्था ।	५	३	
४		**खरिद व्यवस्थापन/विकास निर्माण (सूचक संख्या: ५)**		०-५	
	i.	खरिद कार्यको स्पेसिफिकेसन, डिजाइन र लागत अनुमान यथार्थताको अवस्था,	५	२	
	ii.	खरिद विधिको पालना र प्रतिस्पर्धाको स्थिति,	५	२	
	iii.	ठेक्का व्यवस्थापनमा समयतालिकाको पालना र पुँजीगत खर्चको स्थिति,	५	२	
	iv.	ठेक्काको सम्झौताअनुसार खरिद कारबाहीको सम्पन्नता तथा सम्झौताअनुसार खरिद कार्य नभएको अवस्थामा त्यसउपर गरिएको कारबाहीको स्थिति,	५	३	
	v.	तोकिएको मापदण्डअनुसार सार्वजनिक निर्माण तथा खरिद कार्यको गुणस्तर निक्यौंलको स्थिति ।	५	२	
		कूल पूर्णाक: १०० प्राप्ताङ्क: प्रतिशत: प्राप्त ग्रेडिङ:	१००	५२	

तह	स्कोर	ग्रेडिंग प्रदान गर्ने आधार:
अति उत्तम	८० –१०० प्रतिशत	A
धेरै राम्रो	६० –७९ प्रतिशत	B
राम्रो	४० –५९ प्रतिशत	C
सामान्य	४० भन्दा घटी प्रतिशत	D

प्राप्त ग्रेडिङ: C